# बजेट, नीति तथा कार्यक्रम

## (आर्थिक वर्ष २०७९/०८०)


आठराई गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

संक्रान्तिबजार, तेह्रथुम

१ नं. प्रदेश,नेपाल

आठराई गाउँपालिका, तेह्रथुमको आ.व. २०७९/०८० को लागि गाउँ सभा पहिलो वर्षे अधिबेशनमा उपाध्यक्ष श्री वलीराज इङनामज्यूबाट प्रस्तुत नीति बजेट तथा कार्यक्रम

**सभाअध्यक्ष ज्यू ,**
**गाउँ सभा सदस्यज्यूहरू,**
आठराई गाउँपालिका गाउँ सभाको पहिलो वर्षे अधिवेशन सम्पन्न गर्न आज हामी यस सभाकक्षमा उपस्थित भएका छौं। यो सुखद उपलक्ष्यमा नेपाल र नेपाली जनताको स्वतन्त्रता, सार्वभौमिकता, जनअनुमोदित भई गाउँको विकास तथा समृद्धिको लागि काम गर्न सकिने वर्तमान राजनैतिक व्यवस्था स्थापना गर्नेसम्मका दीर्घकालीन र ऐतिहासिक संघर्षहरुमा अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जी अर्पण गर्दछुं।
 समृद्ध नेपाल र सुखी नेपाली हाम्रो राष्ट्रिय लक्ष्य अनुसार समृद्ध गाउँपालिका सुखी र खुसी गाउँपालिकावासी निशर्तरुपमा यो आठराई गाउँपालिका र यहाँका जनसमुदायको पनि लक्ष्य हो। आगामी आर्थिक वर्ष २०७९।८० को लागि नीति तथा कार्यक्रम तर्जुमा गर्दा यी विषयहरुलाई अहं महत्व दिइनु नितान्त जरुरी छ। औचित्यपूर्ण निर्णयहरु, स्रोत र साधनको न्यायोचित वितरण एवं उच्च सदुपयोगको संस्कृति निर्माण तथा तद्अनुसारको आचरण ग्रहण गर्नु हाम्रो साझा दायित्व हो। साथै जनताको प्रत्यक्ष निगरानी र सहभागितामा क्रमशः वृद्धि गर्दैजानु वर्तमान परिस्थितिको आवश्यकता र राष्ट्रिय लक्ष्य प्राप्तिको लागि अनिवार्य शर्त पनि हो।

आर्थिक वर्ष २०७९/८० को गाउँपालिका विकासको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संबिधानको अनुसूची-८ मा गरेको व्यवस्था, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले गरेका व्यवस्थालाई पूर्ण रुपमा पालना गर्ने प्रयास गरिएको छ। साथै आ.ब. ०७९।०८० का लागि संघीय सरकार, प्रदेश सरकारबाट प्रस्तुत बजेटले लिएका नीति र कार्यक्रम, दीगो विकासका लक्ष्य नेपाल सरकारबाट प्राप्त स्वीकृत क्षेत्रगत नीतिहरु मन्त्रालयहरु र राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन लाई आधार मानी गाउँपालिका विकास योजना तयार गरिएको छ।

**<u>गाउँपालिकाको परिचय</u>**

नेपालको राजनैतिक कालखण्डमा सधै चर्चामा आईरहने तेह्रथुम जिल्लामा रहेको यस आठराई गाउँपालिका विविध सम्भावना बोकेको क्षेत्र हो। तेह्रथुम जिल्लाको सुदुर पूर्वि भागमा अवस्थित यस गाउँपालिकाको केन्द्र संक्रान्तिबजार म्याङलुङ देखि ६८ कि.मि पूर्वी दुरीमा पर्दछ। आठराई गाउँपालिकामा हाल ७ वटा वडाहरु रहेका छन्। भौगोलिक विषमता, शिक्षाक्षेत्रको अग्रता ,प्रकृतिक सुन्दरता ,सवै जातजातिहरुको वासस्थान, पर्यटकीय सम्भावनाको अवस्था यस क्षेत्रलाई चिनाउने माध्यम हो।

नेपालमा प्रसिद्ध पाएको ढाका टोपी, आठराईका खुकुरी, खाँडी कपडा, राडीपाखी, तरकारी उत्पादन, अलैची नाङलो डालो, अदुवा, अकवरे खुर्सानी जस्ता कृषि तथा लघु उद्यमलाई नमुनाको रुपमा विकास गरि समग्र गाउँपालिकाको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा योगदान पुऱ्याउने प्रशस्त सम्भावना छ। जसको लागी गाउँपालिकाले आगामी दिनहरुमा समग्र गाउँपालिकाको एकिकृत योजना तयार गरि स्पष्ट लक्ष्य  सोचका साथ अगाडी वढ्नु उपयुक्त हुनेछ।

संघीयता र स्थानीय सरकार मार्फत घरघरमा अधिकार गाउँ गाउँमा सिंहदरबार, हाम्रो गाउँ हामी आफैँ बनाऔँ जस्ता सिद्धान्तहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ। यो हाम्रो लागि अवसर र चुनौति दुवै हो। अधिकार, स्रोत साधन, बजेट,सुशासन, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ। हामिलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान २०७२, निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं अप्रत्क्ष ढंगले भूमिका खेल्नुहुने सबैलाई धन्यबाद दिन चाहन्छु।

**सभाध्यक्ष ज्यू ,**

**गाउँ सभा सदस्यज्यूहरु**

अव म आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम संचालनका लागि गाउँपालिकाले लिने क्षेत्रगत नीति र अवधारणालाई संक्षिप्त रुपमा राख्ने अनुमति चाहन्छु।

**क) आर्थिक विकास सम्बन्धि नीति**

१. कृषि तथा पशु विकासका क्षेत्रमा विकास नभई आर्थिक विकासले गति लिन सक्दैन। कृषकहरुलाई विभिन्न कृषि सामग्री, प्रविधि हस्तान्तरण लगायतका कृयाकलाप सन्चालन गर्नको लागि बजेट विनियोजन गरिनेछ ।

२. अलैंची, अदुवा, अम्लिस, अकवरे, टमाटर, साना व्यवसायिक कृषि उत्पादन केन्द्र तथा साना व्यवसायिक कृषि (पकेट) विकास कार्यक्रम सञ्चालन गरि यस अधिका कृषि पकेट क्षेत्रहरुलाई निरन्तरता दिईनेछ।

३. तरकारीमा आत्मनिर्भर बनाउनका लागि कृषकहरुलाई निशुल्क बिउबिजन वितरणको लागि कृषि पकेट क्षेत्र पहिचानका लागि प्राविधिक सर्वेक्षण गर्न बजेट व्यवस्थापन गरिनेछ।

४. कृषक तथा पशुपालक समुहहरु मार्फत मात्र कार्यक्रम कार्यान्वयन गर्ने नीति लिईनेछ।

५. गाउँपालिका भित्रका उत्कृष्ट कृषक तथा सहकारी,उद्यमी छनौट गरी पुरस्कार प्रदान गरि उत्प्रेरित गर्ने नीति क्रमशः कार्यान्वयन गरिदै जानेछ।

६. गाउँपालिका क्षेत्रभित्रका सुख्खा क्षेत्रलाई लक्षित गरि कृषि सेवाबाट जनताको आवश्यकता र माग बमोजिम प्लाष्टिक पोखरी, टनेल र थोपा सिचाई योजनाहरुलाई उच्च प्राथमिकतामा राखिनेछ।

७. व्यवसायीक कृषि फर्म तथा पशु फर्महरुलाई पशुपालनबाट आत्मनिर्भर बनाउन उन्नत जातको पशु वितरण गर्ने तथा कृत्रिम गर्भाधारण समेतको व्यवस्था गरी नश्ल सुधार गरिनेछ।

८. गोठ तथा खोर सुधार कार्यक्रम ल्याइनेछ।

९. कृषकहरुलाई विभिन्न विषयमा तालिमको व्यवस्था गरिनेछ।

१०. बाली तथा पशु विमा गरिनेछ।

११. पशुपंक्षीहरुलाई लाग्ने विभिन्न रोगव्याधिको निदान गरी आवश्यक औषधि वितरणको व्यवस्था मिलाईनेछ ।

१२. हिउदे र वर्षे घाँसको वीउविजन वितरण गरिनेछ।

१३. राडि, पाखी, खाडी कपडा, ढाका कपडा, डालो नांलो लगायतका हस्तकलालाई उद्योगको रुपमा विकास गरिनेछ।

**(ख) सडक तथा पूर्वाधार विकास सम्बन्धि नीति**

१. गाउँपालिकाका सबै वडालाई सडक सञ्जालमा जोडी बाह्रै महिना यातायातको पहुच पुर्याउन सडक सुधार तथा पक्की नालि निर्माण गरिनेछ।

२. गाउँ सभाबाट स्वीकृत भएको पुर्वाधार तर्फका कार्यक्रमहरुलाई समयमा नै सम्पन्न गर्नका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

३. सडक, पर्यटन तथा खानेपानीको क्षेत्रहरुको डिपिआर तयार गरी कार्यक्रम संचालन गरिनेछ।

४. स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै अधिकतम जनसहभागिता जुट्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने नीति लिईनेछ।

५. संक्रान्तिबजार क्षेत्र भित्रको मोटरबाटोलाई ढलान एवं पिच गर्ने कार्य गरिनेछ।

६. गाउँपालिकामा सडक सञ्जाल विस्तार गर्न, गाउँपालिका क्षेत्रभित्रका मोटरबाटोहरु मर्मत तथा विपत व्यवस्थापनमा सहयोग गर्नको लागि गाउँपालिकाले Excavator खरिद गरि कार्यविधि निर्माण गरि परिचालन गरिनेछ।

७. आठराई गाउँपालिकामा वर्षाको कारण विभिन्न खोला, खोल्साहरुमा सडक यातायात संचालन हुन नसक्ने गरि विग्रिने भएको हुदा वर्षायामको बेला सडक पहुँचको लागि पानि कटाउन  होम पाईप विछ्याइनेछ।
८. गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागि प्रकृया अघि वढाइनेछ।
९. Detail Project Report,आयोजनाको प्रकृति हेरी IEE, EIA को कार्य सम्पन्न भएपछि मात्र कार्यक्रम अघि बढाईनेछ।
१०. आठराई गाउँपालिकाको रिङ रोड निर्माणको कार्यलाई निरन्तरता दिइनेछ।
११. स्थानीय मोटरेवल पुल निर्माण गर्न प्रकृया बढाइनेछ।
१२. संघीय तथा प्रादेशिक सशर्त अनुदान, समपुरक अनुदान, विषेश अनुदानका कार्यक्रमहरुको सकभर श्रावण भादमै ठेक्का आव्हान गर्ने व्यवस्था मिलाईनेछ।

**(ग) शिक्षा सम्बन्धि नीति**

१. सामुदायिक विद्यालयमा छात्राहरुलाई प्रोत्साहान गर्न स्यानीटरी प्याड वितरणलाई व्यवस्थित गरिनेछ।
२. संघिय सरकारबाट सशर्त अनुदान वापत प्राप्त भएको दिवा खाजा कार्यक्रम सबै सामुदायिक विधालयहरुमा प्रभावकारी रुपमा लागु गरिनेछ ।
३. प्राविधिक शिक्षाका संकाय थप गर्न आवश्यक पहल गरिनेछ।
४. स्थानीय मातृभाषा शिक्षक जिवन निर्वाह खर्चको लागि न्यूनतम मासिक रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र), वार्षिक रुपमा पोशाक भत्ता रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) तथा चाडपर्व खर्च रु.१०,०००।– (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराईनेछ।
५. कक्षा ११-१२ मा अध्ययन गर्ने विद्यार्थीहरुलाई निशुल्क शिक्षा उपलब्ध गरिनेछ । सो कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
६. शैक्षिक संस्थाहरुलाई आवश्यकता अनुसार अनुदान कार्यक्रम संचालन गरिनेछ।
७. प्रत्येक सामुदायिक विद्यालयमा ई-हाजिरीको व्यवस्था गरिनेछ।
८. आठराई गाउँपालिका क्षेत्रका सामुदायिक विद्यालयहरुको भवनमा एकै किसिमको रङ प्रयोग गरिनेछ।
९. यस आठराई गाउँपालिकाबाट MBBS पढ्न चाहने विद्यार्थिहरुलाई मापदण्ड बनाई आंशिक छात्रवृति उपलब्ध गरिनेछ।
१०. विभिन्न साहित्यिक कृतिहरुको आठराई कोसेली, साहित्य संगम त्रैमासिक प्रकाशन, साहित्यिक कार्यक्रम संचालान र प्रसारण गरिनेछ।
११. अध्यक्षसँग ८,९,१०,११ र १२ का विद्यार्थिसँग विभिन्न शैक्षिक कार्यक्रम ल्याइनेछ।
१२. प्रत्येक सामुदायिक विद्यालयहरुमा अंग्रेजी भाषाको गुणस्तर वृद्धि गरिनेछ।

**(घ) युवा लक्षित कार्यक्रम सम्बन्धि नीति**

१. स्वदेशमै बसेर उद्यमी वन्न चाहने ब्यक्तिहरुलाई १ वडा बराबर १० जनालाई समुहगत गरि विना धितो रु. १० लाख सम्म ऋणको रुपमा उपलब्ध गरिनेछ। उक्त रकम ऋण लिएको तीन वर्षपछि क्रमस ३०% पहिलो वर्ष, ३०% दोस्रो वर्ष र ४०% तेस्रो वर्ष फिर्ता गर्नुपर्नेछ।
२. युवाहरुको सीप र क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।
३. तेह्रथुम बहुप्राविधिक शिक्षालयसँग सहकार्य गरी प्राविधिक सीप विकास तालिम संचालन गरिनेछ।

**ङ) स्वास्थ्य सम्बन्धि नीति**

१. २४ सै घण्टा संचालनमा रहेका वर्थिङ सेन्टरहरुमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ।

२. आधारभूत तथा आकस्मिक सेवाको लागि नेपाल सरकारले घोषणा गरेको ९८ प्रकारका निशुल्क औषधि वितरणको व्यवस्थालाई प्रभावकारी रुपमा लागु गरिनेछ।
३. महिला स्वास्थ्य स्वयमसेविकाहरुको लागि प्रोत्साहनका लागि सञ्चार, खाजा तथा यातायात खर्च वापत मासिक रु. १,५००।– (अक्षेरुपी एक हजार पाँच सय रुपैया) को व्यवस्था गरिनेछ।
४. कुपोषणबाट अति प्रभावित बालबालिकाहरुको स्वास्थ्यमा पर्याप्त ध्यान दिईनेछ । उपचार गर्न गाउँपालिकाको प्राविधिक क्षमताले नसकिने बालबालिकाहरुलाई सम्बन्धित निकायमा सिफारिस गरि पठाईनेछ।
५. नेपालको संविधानले सम्पूर्ण नेपालीहरुलाई न्युनतम आधारभुत स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध गराउने प्रतिबद्धता अनुरुप स्वास्थ्य संस्थाहरुको लागि चाहिने न्युनतम सेवा मापदण्ड कार्यक्रम कार्यान्वयनको लागि उचित रकम व्यवस्थापन गरिनेछ।
६. स्वास्थ्यकर्मीहरुको क्षमता विकासको लागि तालिमको व्यवस्था गरिनेछ।
७. आठराई गाउँपालिका भित्रका स्वास्थ्य संस्थामै प्रसुति गर्नको लागि गर्भवती तथा निजलाई स्याहार चाकार गर्ने एक जनासम्मलाई निशुल्क खान बस्नको लागि Zero Home Delivery कार्यक्रम सञ्चालन गरिनेछ तथा निशुल्क एम्बुलेन्स सेवा प्रवाह गर्नको लागि एम्बुलेन्स खरिद गरि संचालन गरिनेछ।
८. जेष्ठ नागरिक, असक्त, अपाङ्गहरुको मासिक रुपमा घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिनेछ।
९. गर्भवती महिलाहरुको लागि निशुल्क क्याल्सियम, फोलिक एसिड वितरण गरिनेछ।
१०. सामाजिक मनोपरामर्श सेवा कार्यक्रम संचालन गरिनेछ।
११. प्राथमिक स्वास्थ्य केन्द्रमा जेष्ठ नागरिकहरुलाई ल्याव टेस्ट तथा अन्य सुविधा निशुल्क गरिनेछ।

**च) सामाजिक विकास सम्बन्धि नीति**

१. हिंसा पिडित तथा अति विपन्न समुदायलाई समुदायमा आधारित सीप विकास तालिम संचालन गरिनेछ।
२. विपदमा परेका वालबालिकाहरुको उद्धार तथा पुनर्स्थापनाको लागि कार्यक्रम संचालन गरिनेछ।
३. लक्षित वर्ग पहिचान गरि आवश्कताको अधारमा विभिन्न तालिम तथा कार्यक्रमहरु संचालन गरिनेछ।
४. एकल पुरुष (६०-६८ वर्ष) उमेर समुहकालाई मासिक रु.१,०००।०० (अक्षेरुपी एक हजार रुपैया) का दरले सहज जीवन यापन निर्वाह खर्च उपलब्ध गरिनेछ।
५. गाउँपालिका क्षेत्रिभत्रका नागरिकहरुको मृत्यू भएमा समवेदना सहित किरिया खर्च रु.१०,०००।०० (अक्षरेपी दश हजार रुपैया) उपलब्ध गरिनेछ।
६. गाउँपालिका क्षेत्र भित्र दुर्घटना भएका व्यक्तिलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गरिनेछ।
७. दलित तथा अल्पसंख्यकहरुलाई सीप संरक्षणका लागि तालिम संचालन गरिनेछ।
८. विभिन्न पेशमा आवद्ध दलित तथा अल्पसंख्यक व्यक्तिहरुलाई औजार वितरण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।
९. आठराई गाउँपालिकामा रहेका अपाङ्गहरुलाई लक्षित गरि कार्यक्रम संचालन गरिनेछ।

**छ) फोहोर मैला व्यवस्थापन तथा वन वातावरण सम्बन्धि नीति**

१. आठराई गाउँपालिकाबाट संकलन भएको फोहोरलाई सुरक्षित रुपमा व्यवस्थापन गर्नको लागि ल्याड फिल्ड साइट निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।
२. विभिन्न निकायहरुसँगको सहकार्यमा कार्यक्रमहरु संचालन गरिनेछ।
३. गाउँपालिकाबाट सञ्चालन गरिने भौतिक पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गर्दा वातावरण मैत्री बनाउन आवस्यक नीति तयार गरी कार्यान्वयन गरिनेछ।

४. विकास निर्माण कार्यमा IEE, EIA लाई अनिवार्य कार्यान्वयन गरिनेछ।

५. स्थानीय सरकारको अधिकार क्षेत्र भित्र रहेरका सामुदायिक वनहरुको वार्षिक कार्ययोजना अनिवार्य स्वीकृत गराइनेछ।

६. फोहोर मैलाको कारणले मानव स्वास्थ्य र पर्यावरणमा पर्न जाने असरलाई घटाउन समय समयमा गाउँपालिकाको तर्फबाट फोहोरमैला व्यवस्थापनका विषयमा चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

७. बहुमुल्य तथा लोपोन्मुख जडिबुटी तथा वनस्पतिहरुको संरक्षण र संवर्द्धन गरी अबैध चोरी निकासीलाई निरुत्साहित गरिनेछ।

८. गाउँपालिका क्षेत्रको फोहोरमैला तथा बजार व्यवस्थापन गरी प्रभावकारी रुपमा गाउँपालिकालाई स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापनको लागि ट्याक्टर खरिद गरिनेछ।

### ज) विपद व्यवस्थापन सम्बन्धी नीति

१. गाउँपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापन गर्न रु. २५ लाखको एक आकस्मिक कोषको व्यवस्था गरिनेछ।

२. सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायकलाई प्रोत्साहित गरिनेछ।

३. पहिरो तथा भुक्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण गरिने, त्यसको संरक्षण, संवर्द्धन र उपयोग कार्यमा गरिव तथा भूमिविहिन किसानहरुलाई जिम्मा दिइनेछ।

४. दैविक प्रकोप तथा प्राकृतिक प्रकोपमा परेका व्यक्तिहरुलाई तत्काल स्थलगत रुपमा नगद तथा राहत हस्तान्तरण गरिनेछ।

५. आगलागिजन्य घटनाको तत्काल नियन्त्रण गर्नको लागि ट्यांकी निर्माण गरी रिजर्व गरिने र दमकललाई तयारी अवस्थामा राखिनेछ।

६. विपद कार्ययोजना निर्माण गरिनेछ।

७. विपद कार्ययोजनाले औंल्याएका क्षेत्रमा बजेट व्यवस्था गरिनेछ।

### झ) सुशासन, सेवा प्रवाह तथा सुचना प्रविधि सम्बन्धि नीति

१. आ.व. ०७९।०८० देखि पालिका तथा सबै वडामा राजश्व संकलन विद्युतीय प्रणालीद्धारा संकलन गरि पारदर्शि बनाइनेछ।

२. सञ्चार गृहको व्यवस्थापन र पत्रकारहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

३. सबै तहबाट संचालन हुने कार्यक्रमहरुमा कार्यन्वयन गर्न कार्यक्रम संचालन निर्देशिका तयार गरि लागु गरिनेछ ।

४. कार्यपालिकाको बैठकका निर्णयहरु, वेब साइट तथा संचार माध्यम मार्फत सर्वजनिक गर्ने व्यवस्था अवलम्बन गरिनेछ।

५. कार्यपालिकाको निर्णय प्रकृयालाई व्यवस्थित गर्न कार्यपालिकाको बैठक संचालन कार्यविधिलाई कार्यान्वयन कार्य योजना बनाइ लागु गरिनेछ।

६. नागरिक सहायता कक्ष, सुचना अधिकारी, नागरिक वडापत्र,गुनासो पेटिका, प्रवक्ता तथा खर्च सार्वजनिकरण व्यवस्थालाई प्रभावकारी बनाईनेछ।

७. गाउँपालिकाले आफुले संचालन गरेका क्रियाकलाप तथा सेवा प्रवाहको सार्वजनिक सुनुवाई गर्ने प्रबन्ध मिलाईनेछ। साथै विषयगत क्षेत्रवाट संचालन भएको सेवा र कार्यक्रमहरुको समेत सार्वजनिक सुनुवाई गर्ने प्रबन्ध मिलाइनेछ।

८. कर्मचारीहरु तथा शिक्षकहरुको कार्यक्षमताको मुल्याङ्कन गरी उत्कृष्ठ कार्य गर्ने कर्मचारी/शिक्षकलाई पुरस्कृत गरिनेछ।
९. संचारमा जनप्रतिनिधसँग जनताको सम्बाद कार्यक्रम संचालन गरिनेछ।
१०. गाउँपालिकाबाट प्रदान गरिने सेवामा सेवाग्राही मैत्रीवनाउनको लागि Help Desk स्थापना गरि कार्य संचालन चालु आ.व. ०७८।०७९ बाट नै गरिएको छ सो कार्यलाई अझ व्यवस्थित गरि सेवा प्रवाह गरिनेछ
११. आगामी आ.व. ०७९।०८० देखि सेवा प्रवाहलाई छिटो छरितो र पारदर्शि बनाउनको लागि योजना शाखामा योजनाबाट सम्पादन हुने योजना सम्झौता देखि भुक्तानीसम्मको प्रकृयाको लागि विद्युतीय प्रणाली (Software) प्रयोग गरि गरिनेछ।
१२. कर्मचारीहरुको क्षमता विकास गर्नको लागि तालिमको व्यवस्था गरिनेछ।
१३. आठराई गाउँपालिकाको लागि नगर प्रहरी गठन गरि परिचालन गरिनेछ।
१४. प्रत्येक वडा कार्यालयमा सहायक कम्प्युटर अपरेटर नियुक्ति गरी सेवा प्रवाह गरिनेछ।
१५. हाल २३ करोड वेरुजू रकम रहेकोमा ६० प्रतिशतसम्म फर्छौट गरी आवश्यक कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

### ञ) तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धि नीति

१. स्थानीय अभिलेख व्यवस्थापनका लागि नीति, कानुन, मापदण्ड, योजना, बनाई त्यसलाई कार्यान्वयन र नियमन गरिनेछ।
२. गाउँपालिका क्षेत्रभित्र रहेको जनसंख्या, भाषा , संस्कृति , प्राकृतिक श्रोत, भौतिक पुर्वाधार, सम्पती, रोजगार, संचार जस्ता अत्यावश्यक तथ्याङकहरुलाई संकलन तथा अध्यावधिक गर्न विद्युतिय बस्तुगत विवरण आद्यावधिक गरिनेछ।
३. जन्म, मृत्यु, बसाइसराई, बिवाह सम्बन्ध विच्छेदलगायत व्यक्तिगत घटना तथा विवरणहरुको अनिवार्यरुपमा दर्ता गरि अभिलेखिकरण गर्न अभिप्रेरित गरिनेछ।
४. न्यायिक समितिबाट भएको निर्णय व्यवस्थित र सुरक्षित रुपमा अभिलेख राख्ने व्यवस्था गरिनेछ।
५. न्यायिक अभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविधिको प्रयोग गर्दै लगिनेछ।

### ट) घरनक्सा सम्बन्धि नीति

१. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सबै प्रकारका निजी,सार्वजनिक तथा सरकारी भवनहरु गाउँपालिकाको इजाजत प्राप्त गरी मात्र निर्माण हुने व्यवस्थालाई प्रभाकारी वनाइनेछ।
२. वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ तथा राष्ट्रिय भवन संहिता, २०६० लाई पूर्णतः पालना गराइनेछ।
३. आठराई गाउँपालिकाको नक्सा पासको व्यवस्था घोषणा हुनु पूर्व साविक गा.वि.स. भित्र निर्माण भएका घरहरुलाई भवन निर्माण इजाजत तथा नक्सा अभिलेखिकरणको दायरामा ल्याइनेछ।
४. भवन सम्पन्नताको प्रमाणपत्र दिदाँ सार्वजनिक स्थलमा रहेको निर्माण सामाग्रीहरु हटाएपछि मात्र प्रमाणपत्र उपलब्ध गराइनेछ।
५. भवन निर्माण गर्दा आउन सक्ने संभावित र्दुघटनालाई मध्यनजर गरी निर्माणकर्ता र निर्माण श्रमिकहरुको बीचमा करार गरी बिमा गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।
६. भवन निर्माण गर्दा पार्किङ फ्ल्याट बनाउनेलाई सो मा लाग्ने राजश्व छुट दिइने नीति लिइनेछ।

### ठ) राजस्व अभिबृद्धि सम्बन्धि नीति

१. करका दरहरुलाई समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ।
२. करको दायरामा नआएका क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ।
३. गाउँपालिका क्षेत्रभित्र सम्पती करलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
४. राजश्व संकलनलाई व्यवस्थित गर्न, राजश्व चुहावट रोक्न तथा राजश्व संकलनलाई पारदर्शि बनाउन सफ्टवेयरको प्रयोग गरिने छ।
५. गाउँपालिकालाई आवधिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान तथा पुरस्कृत गरिनेछ।
६. आठराई गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका व्यवसायहरुलाई व्यवसाय दर्ता र नविकरणलाई प्रभावकारी वनाइने नीति लिईनेछ।

**ड) वडा विकास कार्यक्रम सम्बन्धि नीति**

१. स्थानीय आवश्यकता अनुसारका विषयगत कार्यक्रमहरु तथा विकास निर्माणका कार्य संचालन गर्न वडालाई छुट्टै सिलिङ निर्धारण गरि कार्यक्रम संचालन गर्न स्वायत्तता दिइनेछ।
२. वडा सिलिङबाट सम्बोधन हुन नसकेको कार्यक्रमहरु गाउँपालिकाबाट प्रथामिकताका आधारमा सम्बोधन गरिने तथा पालिकाबाट सम्बोधन हुन नसकेका योजनाहरु सम्बन्धित निकायमा रकम मागको लागि सिफारिस गरिनेछ।
३. वडा कार्यालयमा सेवा प्रवाहमा सहयोगको लागि व्याकप, कम्प्युटर,ल्यापटप तथा प्रिन्टर खरिद गर्ने तथा इन्टरनेट सेवालाई गणस्तरीय बनाइनेछ।

**ढ) पर्यटन सम्बन्धि नीति**

१. आठराई गाउँपालिकाको पर्यटकिय क्षेत्रको रुपमा रहेको झाक्रि गुफा, छाते ढुंगा लिहीढुंगा, याकुम्बा गढी, वगाले पार्क, खुला ढुङ्गे संग्रालय, चमेरे गुफा तथा अन्य सम्भावनाहरुलाई यथासम्भव खोज अनुसन्धान गरी प्रवर्द्धन तथा संरक्षण गरि पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउन एकिकृत पर्यटन गुरुयोजना तयार गरी पर्यटनका भौतिक पूर्वाधारका संरचनाहरु निर्माणलाई निरन्तरता दिदै चाँडो भन्दा चाँडो सम्पन्न गरी आम्दानी गर्ने दिगो श्रोत बनाउदै पर्यटकीय क्षेत्रको रुपमा राष्ट्रियस्तरमा पहिचान बनाउने कार्यलाई प्राथमिकतामा राखिनेछ।यसका साथै गाउँपालिकाको पहिचान गरेका पर्यटकीय क्षेत्रहरुको वृहत्तर विकास गरी आर्थिक उपार्जनको स्रोतको रुपमा प्रवर्द्धन गरिनेछ।
२. वहुसांकृतिक संग्रालय निर्माण गरिनेछ।
३. होमस्टे संचालनको लागि विषेश कार्यक्रम संचालन गरिनेछ।
४. ऐतिहासिक क्षेत्र तथा शैक्षिक पर्यटनलाई वढावा दिईनेछ।

**ण) खेलकुद सम्बन्धि नीति**

१. युवा खेलकुद पवर्द्धन गर्न आवश्यक सामाग्री वितरण गर्ने नीति लिईनेछ।
२. फुटवल, भलिवल र व्याटमिन्टन खेलको लागि अध्यक्ष रनिङ कप संचालन गरिनेछ।
३. प्रत्येक वडामा खेलमैदान निर्माण तथा व्यवस्थापन गरिनेछ।
४. विभिन्न खेलहरुको प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ।

**त) विपन्न लक्षित नीति**

१. अध्यक्षसँग विपन्न, अनाथ, असाहाय, तथा ज्येष्ठ नागरिक कार्यक्रम सञ्चालन गरिनेछ।
२. अति विपन्नका लागि स्वास्थ्य विमा कार्यक्रम प्रति वडा २० घर परिवारलाई समावेश गरिनेछ।
३. विपन्न घरपरिवारलाई उपाध्यक्ष जस्तापाता कार्यक्रम मार्फत जस्तापाता उपलब्ध गर्ने नीति लिईनेछ।

**थ) महिला तथा वालवालिका सम्बन्धी नीति**

१. महिलाहरुलाई ससक्तिकरणको लागि सीप विकास कार्यक्रमहरु संचालन गरिनेछ।
२. महिलाहरुलाई अत्मनिर्भर बनाउनका लागि कृषि कार्यक्रमहरु संचालन गरिनेछ।
३. आमा समुह, महिला समुह तथा संस्थाहरुलाई संस्थागत विकासको लागि कार्यक्रम संचालन गरिनेछ।
४. वाल विकास केन्द्रका वालवालिका तथा शिक्षाबाट वंञ्चित भएका वालवालिकाहरुलाई शिक्षाको दायरामा ल्याउनको लागि विषेश कार्यक्रमहरु संचालन गरिनेछ।
५. पारिवारीक आर्थिक अवस्था न्यून रहेको वालवालिकाहरुलाई लक्षित गरि कार्यक्रमहरु संचालन गरिनेछ।

**द) प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी नीति**

१. देशमा विद्यमान बेरोजगारी दर कम गर्नका लागि यस स्थानीय तहका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन आह्वान गरी रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ।
२. स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ।
३. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सहकारी क्षेत्र सँग समन्वय र सहकार्यमा जोड दिइनेछ।
४. गाउँपालिका स्तरिय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ।

**ध) खानेपानी सम्बन्धी नीति**

१. संक्रान्तिबजारमा रहेको खानेपानी समस्यालाई दिर्घकालिन रुपमा समाधान गर्न बजेटको व्यवस्था गरिनेछ।
२. सुख्खाग्रस्त क्षेत्रहरुमा खानेपानी उपलब्धतालाई व्यवस्थित गरिनेछ।
३. वृहत आठराई खानेपानी योजना संचालन गरिनेछ।
४. विपन्न दलित अल्पसंख्यकहरुलाई स्वस्छ खानेपानीको लागि हिल ट्याङ्क वितरण कार्यक्रम संचालन गरिनेछ।

**न) अन्य नीति**

१. संघ प्रदेशसँग समपुरक साझेदारी कार्यविधि बमोजिम बजेट व्यवस्था गरिनेछ।
२. विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ।
३. संक्रान्तिबजारमा सोलार वत्ति व्यस्थापन गरिनेछ।

**सभा अध्यक्ष ज्यू ,**

**गाउँसभा सदस्यज्यूहरु**

चालु आ.व. ०७८।०७९ को संशोधित यथार्थ एवम् आगमी आ.व. ०७९।०८० को व्ययको अनुमान प्रस्तत गर्दछु आ.व. ०७८।०७९ मा चालु तर्फ रु. ५१,०६,३६,४५९।०४ (अक्षरेपी एकाउन्न करोड छ लाख छत्तिस हजार चार सय उनान्साठी रुपैया चार पैसा) रकम विनियोजन भएकोमा रु.३१,०४,६९,३४६।६६ (अक्षरेपी एकतिस करोड चार लाख उनान्सत्तरी हजार तिन सय छयालिस हजार छैसठी पैसा) हालसम्म खर्च भई चालु बजेटको ६०.८ प्रतिशत प्रगति भएको देखिन्छ। त्यसै गरी पुँजिगत तर्फ रु.१९,४७,९६,९३३।(अक्षरेपी उन्नाइस करोड सड्चालिस लाख छयानब्बे हजार नौ सय तेतिस रुपैया ) विनियोजन भएकोमा रु.६,२०,७७,७७४ (अक्षरेपी छ करोड विस लाख सतहत्तर हजार सात सय चौरहत्तर रुपैया) खर्च भई कुल पुँजिगत बजेटको ३१.७८ प्रतिशत प्रगति भएको

देखिन्छ। कतिपय योजनाहरु संन्चालन भई रहका र यस आर्थिक वर्षको केहि समय बाँकी रहेकोले प्रगतिमा वृद्धि हुने अनुमान गरिएकोछ।

आगामी आ.व. ०७९।०८० को लागि चालु खर्च तर्फ रु.४३,२९,७६,६५०।० (अक्षरेपी त्रिचालीस करोड उनन्तीस लाख छयहत्तर हजार छ सय पचास रुपैयाँ) र पुँजीगत तर्फ रु.१६,९९,१४,५००। (अक्षरेपी सोह्र करोड उनन्सय लाख चौध हजार पाँच सय रुपैयाँ) गरि कुल रु.६०,२८,९१,१५०।०० (अक्षरेपी साठ्ठी करोड अठ्ठाईस लाख एकानब्बे हजार एक सय पचास रुपैया) विनियोजन गरिएकोछ।

**सभा अध्यक्ष ज्यू ,**

**गाउँसभा सदस्यज्यूहरु**

गाउँपालिका विकास योजनालाई स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने क्रममा, सरोकारवाला निकाय, व्यापारी, पत्रकार, आठराई गाउँकार्यपालिका परिवार, गाउँकार्यपालिकाको कार्यालय परिवार लगायत सम्बद्ध पक्षले पुर्याउनु भएको महत्वपूर्ण सहयोग र सहभागिता उल्लेखनिय रहेको हुदाँ सम्बद्ध सबै पक्षहरुलाई धन्यवाद ज्ञापन गर्दछु। यसका साथै योजना तर्जुमा प्रक्रियामा जसरी यहाँहरुको साथ सहयोग रहेको छ आगामी योजनाहरुको सफल कार्यान्वयनको लागि समेत सहयोगको अपेक्षा गर्दछु।

**धन्यवाद !**

**<u>प्रस्तोता</u>**

वलिराज इङनाम

उपाध्यक्ष

आठराई गाउँपालिका, तेह्रथुम

मिति : २०७९।०३।१०